# कोभिड-19 खोप सुरक्षा: के जान्ने

Vaccinate WA

CovidVaccineWA.org

## खोपहरू सुरक्षित छन्

संयुक्त राज्य अमेरिकामा भएका कोभिड-19 खोपहरूलाई संयुक्त राज्य अमेरिकाको इतिहासमा एकदमै तीव्र सुरक्षा निरीक्षण गरिएको छ। सबै खोपहरू कि त पूर्ण रूपले स्वीकार गरिएको छ कि U.S. Food and Drug Administration (FDA, अमेरिकी खाद्य तथा औषधि प्रशासन) द्वारा आपतकालीन अवस्थाका लागि प्रयोग गरिएको छ—जसको अर्थ FDA ले कुनै गम्भीर सुरक्षा समस्या फेला पारेन।

खोपहरू सर्वसाधारणद्वारा प्रयोग गरिने हुनाले खोपहरूलाई सुरक्षा र प्रभावकारिताको लागि निरीक्षण गर्न जारी राखिन्छ। संयुक्त राज्य अमेरिकासँग सुरक्षाका समस्याहरू खोज्न र तिनीहरू हुँदा तिनीहरूलाई द्रुत रूपमा समाधान गर्नका लागि विभिन्न प्रणालीहरू छन्।

## खोपहरूको कार्य

तपाईंले केही खोपहरूलाई अन्य खोपहरू भन्दा उत्कृष्ट बनाउने जानकारी देखेको हुन सक्नुहुन्छ। क्लिनिकल परीक्षणहरूले सबै उपलब्ध खोपहरू कोभिड-19 को रोकथाममा उच्च रूपमा प्रभावकारी थियो भनी देखाएको छ। खोपहरू बीचको भिन्नताहरूलाई विभिन्न समय र स्थानहरूमा परीक्षण गरिएको हुनाले तुलना गर्न कठिन हुन्छ। केहीलाई कोभिड-19 का विभिन्न झुकावहरू विरूद्ध पनि परीक्षण गरिएको थियो।

तपाईंलाई एकपटक पूर्ण रूपमा खोप लगाएपछि, कोभिड-19 हुने अझै पनि सम्भावना हुन्छ तर तपाईं वास्तवमै बिरामी हुने वा अस्पतालमा जान आवश्यक हुने कम सम्भावना हुन्छ। अध्ययनहरूले प्रत्येक खोप **गम्भीर** कोभिड-19 रोग रोक्नमा कम्तीमा 85 प्रतिशत प्रभावकारी भएको देखाएको छ। खोपहरूले धेरै मानिसलाई **कुनै पनि** कोभिड-19 का लक्षणहरू हुनबाट रोकेको पनि छ:

- Johnson & Johnson (Janssen), 74 प्रतिशत
- Pfizer-BioNTech, 95 प्रतिशत
- Moderna, 94 प्रतिशत

## साइड इफेक्टहरू सामान्य छन्

तपाईंलाई खोपबाट कोभिड-19 हुन सक्दैन। यद्यपि, अन्य खोपहरू जस्तै, तपाईंले केही साइड इफेक्टहरू महसुस गर्न सक्नुहुन्छ। खोपले काम गरिरहेको छ भनी देखाउने सङ्केतहरू छन्। दुई वाट मात्राका खोपहरूको लागि, दोस्रो सटपछि साइड इफेक्टहरू एकदमै खराब हुन सक्छ। सम्भव भएमा, आफूलाई विश्राम गर्न समय दिनुहोस् र खोप लगाए पछि एक वा दुई दिनमा रिकभर हुनुहोस्। दुईवटा मात्रा आवश्यक पर्ने कोभिड-19 खोपहरूको लागि, तपाईंले आफ्नो दोस्रो मात्रा प्राप्त गर्नुहुन्छ भनी सुनिश्चित हुनुहोस्। तपाईंको दोस्रो मात्रापछि तपाईं दुई हप्तासम्म पूर्ण रूपमा सुरक्षित हुनु हुनेछैन।

**तपाईंले सुई लगाउनुभएको तपाईंको पाखुरामा:**

- दुख्ने
- रातो हुने
- सुन्निने



**तपाईंको शरीरभरि:**

- थकाई लाग्ने
- टाउको दुख्ने
- मांसपेशी दुख्ने
- चिसो लाग्ने
- ज्वरो आउने
- वाकवाकी लाग्ने



[1]Centers for Disease Control and Prevention, “कोभिड-19 खोपहरूको सुरक्षा (Safety of COVID-19 Vaccines)”। 25 मार्च, 2021, यसमा अनलाइनमा उपलब्ध हुन्छ: https://www.cdc.gov/coronavirus/2019-ncov/vaccines/safety/safety-of-vaccines.html (अङ्ग्रेजीमा मात्र उपलब्ध छ).



# एलर्जिक प्रतिक्रियाका सङ्केतहरू

खोपमा एलर्जिक प्रतिक्रियाहरू एकदमै बिरलै छन् तर तिनीहरू हुन सक्छ। क्लिनिकले तपाईंलाई एलर्जिक प्रतिक्रिया भएको खण्डमा तपाईंले खोप लगाएपछि कम्तीमा 15 मिनेटसम्म हेर्नेछ। तिनीहरूलाई प्रतिक्रिया जनाउन तालिम दिइ/एको छ र तपाईंलाई कसरी मद्दत गर्ने भन्ने बारे थाहा छ।

तपाईंलाई क्लिनिक छोडेपछि एलर्जिक प्रतिक्रिया हुन्छ भने, 911 मा कल गर्नुहोस्। एलर्जिक प्रतिक्रियाका सङ्केतहरूमा निम्न समावेश छन्: श्वासप्रश्वासमा समस्या, तपाईंको अनुहार र घाँटी सुन्निने, छिटो हृदय धड्कने, तपाईंको शरीरभरी नराम्रो बिबिरा आउने, चक्कर लाग्ने र कमजोरी हुने।

## कुनै पनि सुरक्षाका चिन्ताहरू हेर्न हामीलाई मद्दत गर्नुहोस्

कुनै पनि साइड इफेक्टको रिपोर्ट गर्न V-safe को लागि साइन-अप गर्नुहोस्: vsafe.cdc.gov (अङ्ग्रेजीमा मात्र उपलब्ध छ)। तपाईंको सहभागिताले हामीलाई सबैजनाका लागि खोपहरू सुरक्षित राख्न मद्दत गर्छ।

तपाईं वा तपाईंको खोप प्रदायकले खोप प्रतिकूल कार्यक्रम रिपोर्टिङ प्रणाली (VAERS, Vaccine Adverse Event Reporting System) मा गम्भीर साइड इफेक्टहरू रिपोर्ट गर्न सक्छ। FDA, रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरू (CDC, Centers for Disease Control and Prevention) र वासिङ्गटन राज्य स्वास्थ्य विभाग (Washington State Department of Health, DOH) ले प्रचलन वा सम्भावित समस्याहरू हेर्न VAERS प्रयोग गर्छ।

तपाईं vaers.hhs.gov (अङ्ग्रेजीमा मात्र उपलब्ध छ) मा रिपोर्ट पेश गर्न सक्नुहुन्छ।

## धैरै जाति र जातीयताहरूको मानिसले परीक्षणहरूमा सहभागी हुनुभयो

वैज्ञानिकहरूले प्रत्येक खोपलाई दशौं हजार मानिसमा परीक्षण गरेका छन्।

- गोरा
- हिस्पानिक वा लाटिक्स
- काला वा अफ्रेकी अमेरिकी
- एसियाली
- अमेरिकी भारती वा अलस्का निवासी
- हवाई निवासी वा अन्य प्रशान्त द्वीपवासी
- बहु-जातीय
- रिपोर्ट गरिएको छैन
- अन्य




[2]Food and Drug Administration. "FDA Briefing Document: Pfizer-BioNTech कोभिड-19 खोप", खोपहरू र सम्बन्धित जैविक उत्पादनहरूको सल्लाहकार समिति (Vaccines and Related Biological Products Advisory Committee) को बैठक। डिसेम्बर 10, 2020, यसमा अनलाइनमा उपलब्ध हुन्छ: https://www.fda.gov/media/144245/download (अङ्ग्रेजीमा मात्र उपलब्ध छ)।

[3]Food and Drug Administration. "FDA Briefing Document: Janssen Ad26.COV2.S Vaccine for the Prevention of COVID-19", Vaccines and Related Biological Products Advisory Committee को बैठक। फेब्रुअरी 26, 2021, यसमा अनलाइनमा उपलब्ध हुन्छ: https://www.fda.gov/media/146217/download (अङ्ग्रेजीमा मात्र उपलब्ध छ)।

[4]Food and Drug Administration. "FDA Briefing Document: Moderna COVID-19 Vaccine", Vaccines and Related Biological Products Advisory Committee को बैठक। डिसेम्बर 17, 2020, यसमा अनलाइनमा उपलब्ध हुन्छ: https://www.fda.gov/media/144434/download (अङ्ग्रेजीमा मात्र उपलब्ध छ)।

यो खोप बालबालिका, गर्भवती व्यक्ति र अन्तर्निहित स्वास्थ्य समस्याहरू भएका मान्छेहरूका लागि सुरक्षित एवं प्रभावकारी छ । खोप लगाउने मान्छेहरूको सङ्ख्या बढ्दै जाँदा हामी सुरक्षा र साइड इफेक्टहरूका बारेमा थप तथ्याङ्क प्राप्त गरिरहने छौँ । तथ्याङ्कअनुसार कोभिड-19 विरुद्धका खोपहरू सुरक्षित छन् र गम्भीर साइड इफेक्टहरू विरलै रूपमा मात्र देखिन्छन् ।

# तपाईंसँग खोप लगाउने बारे चिन्ताहरू छन् भने स्वास्थ्य स्याहार प्रदायक वा क्लिनिकल कामदारसँग कुरा गर्नुहोस्



### एलर्जीहरू

- Centers for Disease Control and Prevention (CDC, रोग नियन्त्रण तथा रोकथाम केन्द्र) ले खोपमा प्रयोग भएका सामग्रीको एलर्जी नभएका सबै जनालाई खोप लगाउन सिफारिस गरेको छ ।
- कोभिड-19 खोपहरूका एलर्जिक प्रतिक्रियाहरू प्राय: पोलिइथाइलिन ग्लाइकोल (PEG) र पोलिसोरबेट भनिने खोपमा भएका बोसोहरूद्वारा भएको मानिन्छ।
- खोपहरूमा खानामा पाइने जस्ता ती सामान्य एलर्जीहरू हुँदैन, त्यसकारण कोभिड-19 खोप प्राप्त गर्दा अन्य धेरै जसो एलर्जीहरू चिन्ताको विषय हुनुहुँदैन। उदाहरणको लागि, खोपहरू अण्डा-रहित, ल्याटेक्स-रहित र संरक्षक-रहित हुन्छन्।

### नीतिशास्त्र

कोभिड-19 खोपका सामग्रीहरू सुरक्षित छन् र खोपहरूलाई आफ्नो काम गर्न आवश्यक हुन्छन्। Johnson & Johnson खोपको एउटा टुक्रा 35 वर्ष अगाडि भएको वैकल्पिक गर्भपतनहरूबाट मौलिक रूपमा आएका कोषहरूका प्रयोगशाला-वृद्धि प्रतिलिपिहरूको भित्र बनाइएको हो। दादुरा, रूबेला र हेपाटाइटिस A सहित धेरैजसो अन्य खोपहरू सोही तरिकामा बनाइएको छ। कुनै पनि खोपमा मानवका कोषहरू (भ्रूणका कोषहरूसहित), कोभिड-19 भाइरस, लेटेक्स, संरक्षक वा पोर्कका उत्पादनहरू वा गेलाटिसजित कुनै पनि जनावरको उत्पादन समावेश हुँदैन। खोपहरू अण्डाहरूमा विकसित हुँदैन र कुनै पनि अण्डाको उत्पादन समावेश हुँदैन।

### चिकित्सा अवस्थाहरू

- अध्ययनहरूले कोभिड-19 खोपहरू चिकित्सा अवस्थाहरू भएको मानिसमा पनि सुरक्षित र प्रभावकारी भएको देखाएको छ। प्रत्येक खोप परीक्षणहरूमा बीस देखि 45 प्रतिशत सहभागीहरूले मोटोपना, मधुमेह, मुटु रोग, कलेजो रोग र HIV जस्ता अवस्थाहरू थियो।
- हामीले कमजोर प्रतिरक्षा प्रणाली वा स्व-प्रतिरक्षित अवस्थाहरू भएको मानिसमा गरिने खोपको प्रयोगमा सुरक्षा डाटा सीमित गरेका छौं। CDC ले अझै पनि यी समूहहरूलाई कोभिड-19 हुन्छ भने, गम्भीर बिमारी हुने उच्चतम जोखिम भएको हुनाले ती समूहहरूलाई खोप सिफारिस गर्छ।
- गर्भावस्था र जन्ममा चिकित्सा विशेषज्ञहरूले गर्भवती भएका, स्तनपान गराइरहेका, वा गर्भवती हुने योजनामा बनाइरहेका व्यक्तिहरूको लागि कोभिड-19 को खोप लगाउन सिफारिस गर्दछन् सिफारिश गर्छन्। डाटाबाट गर्भावस्थामा कोभिड-19 को खोप लगाउनु सुरक्षित छ भनी देखाउँछ। वास्तवमा, केही अध्ययनहरूबाट खोप लगाइसकेका आमाबाबुले गर्भावस्था र स्तनपानको दौरान आफ्नो बच्चाहरूलाई कोभिड-19 बिरुद्ध एन्टिबडीहरू पनि प्रभाव गर्न सक्छन् भनेर थाहा हुन्छ। गर्भवती मानिसहरूलाई मृत्युसहित कोभिड-19 बाट गम्भीर रोगको जोखिम छ। खोप सबैभन्दा राम्रो सुरक्षा हो।



**DOH 348-799 February 2022 - Nepali**

यो कागजात अर्को ढाँचामा अनुरोध गर्न, 1-800-525-0127 मा कल गर्नुहोस्। कान नसुन्ने वा सुन्नमा कठिनाइ हुने ग्राहकहरूले, कृपया 711 (Washington Relay) मा कल गर्नुहोस् वा civil.rights@doh.wa.govमा इमेल गर्नुहोस्।